| २०७७ बैशाख १ देखि साउन २७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १८२ | ४३ | १४९ | ७ | १२ | ३ | ५० | ० | १६४ | **२३९** | **५५** | **३१६** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन २७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १८० | ४३ | १४८ | ५ | ११ | १ | २० | ० | ४५ | **२०५** | **५४** | **१९४** |

# दैनिक विपद् बुलेटिन

२६ साउन विहान १०:०० बजेदेखि २७ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ३ स्थानमा **अबिरल वर्षा**, १ स्थानमा **आगलागी**, १ स्थानमा **बाढी**का घटना घटेका छन् । यी घटनामा परेर **३** जना **घाईते** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ५ | ३ | ७०,००,००० | ० | २ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१५** वटा घट्ना भएका छन् ।
- **गुल्मी**को मुसिकोट नगरपालिका वडा नं ५ तल्लोफाँटस्थित एक घर माथिबाट **अबिरल परेको बर्षा**को कारण २ वटा ठुलो ढुङ्गा खस्न गई घरको आधा भाग पूर्णरुपमा भत्किदा सोही घरमा डेरा गरी बस्ने एकै परिवारका **३** जना **घाईते** । गोठमा रहेका १ वटा भैंसी र १ वटा गोरुको ढुङ्गाले च्यापीएर मृत्यु ।
- **पाल्पा**को तानसेन नगरपालिका वडा नं १२ सुनारटोलस्थित एक कच्चि घर **अबिरल बर्षा**को कारण पुर्णरुपमा भत्किई **१० लाख रुपैंया** बरावरको क्षति ।
- **बाजुरा**को बुढीगंगा नदीमा आएको **बाढी**ले गौमुल गाउँपालिका वडा नं २ मल्लो दुगुन अजयटुट्की जोड्ने **२ वटा झोलुङ्गे पुल बगाएको** ।
- **भक्तपुर**को मध्यपुर ठिमी नगरपालिका वडा नं ६ निकोसेरा स्थित ब्लकको फाईबरले बनाईएको टहरोमा सञ्चालित युनाईटेड नेपाल केमिकल प्रालिको गोदाममा करेन्ट सर्ट भई अचानक **आगलागी** हुँदा **६० लाख रुपैंया** बराबरको क्षति ।
- **सुर्खेत**को विरेन्द्रनगर नगरपालिका वडा नं १३ दाहालडाँडास्थित एक घर राती परेको **अबिरल वर्षात**को कारण पुर्ण रुपमा भत्किन गई घर तथा घरभित्र रहेको अन्नपात, लत्ताकपडा लगायत अन्य धनमाल पुर्णरुपमा क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट अबिरल वर्षाका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, दमकल, सशस्त्र प्रहरी र स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

साउन २७ गते बिहान ०८:४५ बजे देखि साउन २८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/२८ गते बिहान ०८:४५ बजे २०५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ८४ र स्वचालितः १२१) मा मापन गरिएको वर्षाको विवरण अनुसार १८४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१२३ मि. मी.) बारा जिल्लाको परवानीपुर केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १४ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ४५ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ९४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-२८ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य बढ्ने तथा सतर्कता तह भन्दा तलै हुने । आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने र सतर्कता तह भन्दा केही मात्र तल हुने पूर्वानुमान छ । नारायणीको सहायक नदी कालीगण्डकीमा बहाव सतर्कता आसपास हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने भएता पनि कन्काई, बागमती, पूर्वी राप्ती, आरूणखोला, रिउखोला, तिनाउ, बाणगंगा, पश्चिम राप्ती,बबईका केही स-साना सहायक नदीमा आकस्मिक बहाब भई सतर्कता तह पुग्न सक्ने ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, ओखलढुङ्गा, बारा, पर्सा, सिन्धुली, रामेछाप, दोलखा, काभ्रेपलान्चोक, काठमाडौं उपत्यका, सिन्धुपाल्चोक, नूवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, कपिलबस्तु,दाङ, पाल्पा, अर्घाखाँची, गुल्मी, तनहुँ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके, सुर्खेत, सल्यान, बर्दिया, कालिकोट, डोटी, अछाम, कैलाली, कञ्चनपुर, डडेल्धुरा भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाब (Flash Flood) भई सतर्कता पुग्न सक्ने पूर्वानुमान छ ।

नोट :पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)